बैठक संख्या : ८३

मिती : २०७७।११।०६ गते

स्थान : राप्ती नगरपालिका

समय : साझ ५: ०० बजे

यस राप्ती नगरपालिका, नगर कार्यपालिकाको प्रमुख श्री प्रभा बराल (पौडेल) ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसि निम्न प्रस्तावहरुमा छलफल गरियो ।

उपस्थिति

नगरप्रमुख श्री प्रभा बराल(पौडेल)

नगर उपप्रमुख श्री इमान सिंह लामा

वडाध्यक्ष नं १ श्री सिद्धिलाल स्याङतान

वडाध्यक्ष वडा नं २ श्री श्याम सुन्दर उप्रेती

वडाध्यक्ष वडा नं ३ श्री राज कुमार उप्रेती

वडाध्यक्ष वडा नं ४ श्री शमशेर लामा

वडाध्यक्ष वडा नं ५ श्री मेनुका पाठक

वडाध्यक्ष वडा नं ६ श्री जल्लु महतो थारु

वडाध्यक्ष वडा नं ७ श्री सुमिता डल्लाकोटी

वडाध्यक्ष वडा नं ८ श्री वुद्धिराज थपलीया

वडाध्यक्ष वडा नं ९ श्री देवेन्द्र लामा

वडाध्यक्ष वडा नं १० श्री अमर बहादुर तामाङ

का.वा. वडाध्यक्ष वडा नं. ११ श्री कृष्ण बहादुर लामा

वडाध्यक्ष वडा नं. १२ श्री अर्जुन प्रजा

वडाध्यक्ष वडा नं. १३ श्री सूर्य बहादुर चेपाङ

सदस्य श्री पुष्पा के.सी. कुवर

सदस्य श्री दिल कुमारी लामा

सदस्य श्री कविता राई

सदस्य श्री रमिता परियार

सदस्य श्री श्यामलाल वि.क.

सदस्य श्री आइती देवी दराई

सदस्य श्री अम्बिका लामा

सदस्य श्री पहलमान प्रजा

प्रमुख प्रशासकीय अधिकृत श्री गंगा बहादुर भुजेल सदस्य सचिव

आमन्त्रित जिल्ला समन्वय समिति सदस्य श्री गुनु वि.क.

लेखा अधिकृत श्री गोपाल तिवारी

अधिकृत सातौ श्री दिपक थिङ

क.अ. श्री रमेश चौधरी

मिति २०७७/११/०६ बैठक संख्या ८३

प्रस्तावहरु

१. भण्डारा मा.वि.को भवन ल.ई तथा ड्रइङ डिजाइन स्वीकृत गर्ने सम्वन्धमा ।

२. स्थानीय तह संस्थागत क्षमता मुल्याङ्कन सम्वन्धी कार्यविधि २०७७ सम्वन्धमा ।

३. प्रारम्भिक मलेप प्रतिवेदन सम्बन्धमा ।

४. सर्भेक्षक र अमिनिको नियुक्ति सम्बन्धमा ।

५. भूमि सम्बन्धी समस्या समाधानका विवरण संकलनको सेवा सुविधा सम्बन्धमा ।

६. जग्गाको प्रकृति छुट्टाउने सम्बन्धमा।

७. स्थानीय तहको पाठ्यक्रम (१-५ सम्म ) अनुमोदन गर्ने सम्वन्धमा ।

८. आन्तरिक नियन्त्रण कार्यविधि र दिगो विकास सम्वन्धी कार्यविधि र संस्था दर्ता सम्वन्धी कार्यविधि निर्माण सम्वन्धमा ।

९. भूमि समस्या सम्वन्धी सिफारिस दस्तुत सम्बन्धमा ।

१०. सडक बोर्डको योजना कार्यान्वयन गर्ने सम्वन्धमा।

निर्णयहरु

निर्णय नं. १

संघीय नमुना विद्यालय गुरुयोजना कार्यक्रम अन्तर्गत प्राप्त रकम रु १ करोड ५० लाखबाट रासी नगरपालिका अन्तर्गत संघीय नमुना विद्यालय गुरुयोजनामा छनौट भएको भण्डारा मा.वि. विद्यालयमा १२ कोठे भवन निर्माणका लागि लगत स्टिमेट स्वीकृत गरी बोलपत्र आह्वान गर्ने निर्णय गरियो ।

निर्णय नं.२

स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कन कार्यविधि २०७७ बमोजिम पौष मसान्त भित्र आ.व. २०७६/०७७ सम्मको मुल्याङ्कन portal मा पठाउने निर्णय गर्दै अपुग र व्यवस्थित गर्नुपर्ने मापदण्ड पुरा गर्न तत्काल आन्तरिक नियन्त्रण कार्यविधि, दिगो विकास कार्यविधिको डाफ्ट तयार गर्न विधायन समितिलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

प्रारम्भिक म.ले.प. प्रतिवेदनको आधिकारिक प्रतिवेदन प्राप्त नभएकोले पछि प्राप्त भएपछि छलफल गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

भुमि सम्बन्धी समस्या समाधान आयोगको लागि भूमिहीन दलित भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुको तथ्याङ्क संकलन गर्न आयोगको Guidelines बमोजिम यस पालिकामा करिब ६ हजार भन्दा माथि लाभग्राही रहेको अनुमानका आधारमा ३ जना सर्भेक्षक र ३ जना अमिन भर्ना गर्नु पर्नेमा २ जना सर्भेक्षक र २ जना अमिनको करार सुचना जारी गरिसकेकोमा हाल अधिराज्यभर भूमि आयोगको कार्य तिव्र रुपमा भइ आवश्यक जनशक्ति पछि प्राप्त नहुन सक्ने अबस्थालाइ मध्यनजर गर्दै अन्तरवार्तामा सहभागी २ जना सर्भेक्षक र ४ जना अमिन सबैलाइ उक्त कार्य सम्पन्न नभए सम्मको लागि करारमा नियुक्ति गर्ने निर्णय गरियो ।

निर्णय नं.५

भुमि सम्बन्धी समस्या समाधानका लागि डाटा संकलन गर्न प्रत्येक वडामा २ जना कर्मचारीहरुलाई खरिदार सरहको पारिश्रमिक दिने र दुइजना शिक्षकहरुलाई प्रतिदिन रु ३०० का दरले खाजा खर्च उपलब्ध गराई डाटा संकलनको कार्य तिव्रताका साथ सम्पन्न गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

जग्गाको प्रकृति छुट्टाउने सम्बन्धमा भूमिहीन दलित भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि २०७७ बमोजिमको फर्मेटमा लाभग्राहीको ऐलानी वा अव्यवस्थित जग्गाको प्रकृती छुट्टाउन पर्ने व्यवस्था रहेकोले विभिन्न वडामा सुकुम्बासी र अव्यवस्थित (ऐलानी) जग्गामा बसोबास गरेको घर परिवार रहेको स्थानको जग्गाको प्रकृती वडाबाट माग गरी सोको आधारमा कार्यपालिकाबाट अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं.७

नगर आधारभुत शिक्षा (कक्षा १ देखि ५) सम्मको पाठ्यक्रम अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं.८

स्थानीय तहको संस्थागत क्षमता स्वमुल्याङ्कनमा उच्च अंक प्राप्त गर्न आन्तरिक नियन्त्रण कार्यविधि र दिगो विकास कार्यविधि तर्जुमा गर्न अत्यन्त जरुरी भएकाले उक्त कार्य अगाडि बढाउन विधायन समितिलाइ अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं.९

भूमि समस्या सम्बन्धि कार्यका लागि नगरपालिकामा स्थायी बसोबास गरेका नगरबासीसंग कुनै पनि किसिमको सिफारिस दस्तुर नलिने तर वाहिरको व्यक्तिलाई सिफारिस गर्नुपरेमा नियमानुसार सिफारिस दस्तुर लिने निर्णय गरियो ।

निर्णय नं.१०

यस राप्ती नगरपालिका लाई आ.व.२०७७/०७८ मा कार्यान्वयन हुने गरी सडक वोर्ड नेपालबाट जम्मा रु ३०,००,०००।- (अक्षेरुपी रु तिस लाख) प्राप्त भएकोमा सो रकम मा नगरका तर्फबाट थप ३०% लागत सहभागिता हुने गरी तपशिल बमोजिमका आयोजना कार्यान्वयन गर्ने निर्णय गरियो। साथै आयोजना कार्यान्वयनका लागि ल.ई तयार गरी स्वीकृतिका लागि सडक बोर्ड नेपालमा पठाउने निर्णय गरियो ।

तपसिल

| क्र.स | आयोजनाको नाम | वडा नं. | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | सिंहदेवी चोक देखी दुवाडी चोक सम्मको बाटोमा कन्क्रिट नाला निर्माण तथा मर्मत सम्भार | वडा नं. ७ र ८ | रु २०,००,०००।- | |
| २ | सिमरा चोक देखि दक्षिण तर्फको कालोपत्रे बाटो मर्मत सम्भार | वडा नं. १ | रु १०,००,०००।- | |